# **EWER सातौं - त्रैमासिक प्रतिवेदन**

**१ सेप्टेम्बरदेखि ३० नोभेम्बर, २०१६ (२०७३ साल भदौ १६ देखि मंसिर १५)सम्मका सूचनाको आधारमा तयार पारिएको**

## पृष्ठभूमि

देशमा नागरिकको अधिकारको अवस्था कस्तो छ, द्वन्द्वका सम्भावना के कस्ता छन् र तिनलाई कसरी न्यूनीकरण गर्न सकिन्छ भन्ने जानकारी हासिल गर्नलाई यो प्रतिवेदनले मद्दत गर्छ । नेपालका चार विकास क्षेत्र (पूर्वाञ्चल, पश्चिमाञ्चल, मध्यपश्चिमाञ्चल, सुदूरपश्चिमाञ्चल) मा एक-एक र मधेसमा थप एक गरी ५ जना प्रतिनिधिहरूले हामीलाई उपलब्ध गराएको सूचना र जानकारीको आधारमा यो प्रतिवेदन तयार पारिएको हो । २०७३ भदौ १६ देखि मंसिर १५ सम्मका जानकारी यस प्रतिवेदनमा समेटिएका छन् । सुशासन, सामाजिक एकता/तनाव, राजनीतिक तनाव/परिचालन, स्रोत-साधनमाथिको द्वन्द्व, सङ्क्रमणकालीन न्याय/न्यायमा पहुँच, भूकम्प लगायतका विपद्पछिको राहत/सहयोग वितरणसम्बन्धी चुनौती/द्वन्द्व र प्रवृत्ति शीर्षकमा सूचना संकलन गरिएको थियो । यहाँ यी विभिन्न शीर्षकमा प्राप्त जानकारीबारे विश्लेषण तथा चर्चा गरिएको छ ।

## सारांश :

- **विगतमा झैं यस त्रैमासिक अवधिमा पनि स्वास्थ्य क्षेत्रमा अनेक समस्याहरू देखिए । सरकारी उदासिनताका कारण आम नागरिकले पाउनुपर्ने निःशुल्क औषधी वितरण सेवा तथा आधारभूत स्वास्थ्य सेवा कमजोर भएको पाइयो ।**
- **समाजमा अमन चयन कायम राख्न धेरै हदसम्म प्रशासन सबल देखिए पनि सामाजिक सुरक्षा भत्ता वितरण, यातायात, कृषि, खाद्यआपूर्ति जस्ता क्षेत्रका केही कार्यक्रममा भने केही कमजोरी रहेको पाइयो ।**
- **विगतका प्रतिवेदनमा झैं यस पटक पनि सरकारी कार्यालयमा अनियमितताका घटनाहरू उल्लेख्य संख्यामा नै भएको पाइयो भने त्यसलाई नियन्त्रण गर्नका लागि सम्बन्धित निकायहरूको सक्रियता पनि उत्तिकै देखियो ।**

- **सरकारी कार्यालयको भौतिक पूर्वाधार न्यून स्तरको भएको कारणले पनि नागरिकले दुःख पाउनुपरेको पाइएको छ ।**
- **विगतका त्रैमासिक प्रतिवेदनमा उल्लेख भएझैँ यस अवधिमा पनि जातीय छुवाछूतका कारण समाजमा दलितहरू हिंसाको शिकार भएको पाइएको छ ।**
- **महिला र बालबालिका यस अवधिमा पनि हत्या, बलात्कार, बेचबिखन लगायतका हिंसाको शिकार भएको पाइयो ।**
- **सरकारले दर्ता गराएको संविधान संशोधनको प्रस्तावले स्थानीय स्तरसम्मकै राजनीतिक वृत्तमा हलचल ल्याएको छ । यसको पूर्ण टुंगो नलागेसम्म केन्द्रदेखि स्थानीय स्तरमै तनाव बढ्ने संकेत देखिएको छ ।**
- **स्थानीय निकाय पुनःसंरचना आयोगले काम सुरु गरेपछि धेरै जिल्लाहरूमा स्थानीय तहको संख्या कति बनाउने र सेवा केन्द्र कहाँ बनाउने भन्नेमा विवाद अल्झेको देखिएको छ ।**
- **विभिन्न राजनीतिक दलको बन्द, हड्ताल, चन्दा आतंक तथा मनोमानी गर्ने जस्ता गतिविधिले गर्दा सर्वसाधारण नागरिक बढी मारमा परेको देखिएको छ ।**
- **स्थानीयबासीको विभिन्न मागका कारण एक जलविद्युत आयोजनाको काम ढिलो भएको पाइयो भने एक सामुदायिक वनमाथिको विवाद पनि सतहमा आएको भेटियो ।**
- **सत्य निरुपण तथा मेलमिलाप छानविन आयोगले उजुरी फारम संकलन गरे पनि अहिलेसम्म त्यसको कुनै प्रक्रिया अगाडि नबढ्दा पीडितहरूमा नैराश्यता बढिरहेको पाइएको छ र उनीहरूले उचित क्षतिपूर्ति र न्याय नपाएको गुनासो गरेका छन् ।**
- **हरेक वर्षा याममा झैं यस वर्ष पनि पहिरोले विभिन्न स्थानका बस्ती जोखिममा पारेको पाइयो भने विगतका वर्षकै पीडितहरूले समेत राहत पाउन नसकेकाले समस्या बढेको पाइएको छ ।**

## १.सुशासन

**विगतमा झैं यस त्रैमासिक अवधिमा पनि स्वास्थ्य क्षेत्रमा अनेक समस्याहरू देखिए । सरकारी उदासिनताका कारण आम नागरिकले पाउनुपर्ने निःशुल्क औषधी वितरण सेवा तथा आधारभूत स्वास्थ्य सेवा कमजोर भएको पाइयो ।**

अस्पतालको लापरबाही, स्रोतको अभाव, दक्ष जनशक्तिको अभाव, कर्मचारीको गैरजिम्मेवारीपन जस्ता कारणले नागरिकले स्वास्थ्य सेवाबाट विमुख हुनु परेका र ज्यानै समेत गुमाउनु परेका घटनाहरू यस अवधिमा पनि भए । भदौ महिनामा सुर्खेतस्थित क्षेत्रीय अस्पतालमा रगत नपाउँदा ६ महिनाकी गर्भवतीको मृत्यु भएको र डोटी जिल्लाको बासुदेवी गाविस निवासी एक महिलाको अत्यधिक रक्तस्रावका कारण मृत्यु भएको पाइयो ।

डोटीको घटनामा महिलाले बच्चा जन्माइसकेपछि अत्यधिक रक्तस्राव भएको र बेलैमा उपचार नपाउँदा मृत्यु भएको बताइएको छ (त्रैमासिक प्रतिवेदन मध्यपश्चिमाञ्चल विश्वविद्यालय, मध्यपश्चिमाञ्चल, हेमकर्ण विक, सुदूरपश्चिमाञ्चल) ।

अस्पताल र स्वास्थ्य चौकीमा पदपूर्ति नहुने या भएकामध्ये पनि कार्यालय समयमा नबस्ने हुँदा सेवाग्राही मर्कामा परिरहेको पाइयो । भदौ महिनाको पहिलो दुई हप्तासम्म जिल्ला अस्पताल जाजरकोट प्रमुख विहीन रहेको सुर्खेतबाट प्रकाशित हुने *साझा बिसौनी* दैनिकले भदौ १६ को अंकमा उल्लेख गरेको थियो (त्रैमासिक प्रतिवेदन, मध्यपश्चिमाञ्चल विश्वविद्यालय, मध्यपश्चिमाञ्चल) । बाग्लुङ अञ्चल अस्पतालमा १६ जना विशेषज्ञ डाक्टरको दरबन्दी भए पनि १४ जना डाक्टरको पद रिक्त भएकाले उपचारको लागि आउने बिरामीहरूलाई पोखरा, काठमाडौं लगायतका अन्य अस्पतालमा रिफर गर्नुपरेको छ र यसले गर्दा बिरामीहरू मर्कामा परेको पाइयो (माहुरी होम, पश्चिमाञ्चल) ।

यस्तै बीरगञ्जस्थित नारायणी उपक्षेत्रीय अस्पतालमा मेडिकल सुपरिटेन्डेन्ट हाजिरी पुस्तिकामा उपस्थित भए पनि अस्पतालमा भने अनुपस्थित हुने गरेको गत असोज १२ को *कान्तिपुर* दैनिकले उल्लेख गरेको पाइयो । उनी वास्तवमा अनुपस्थित रहेकाले निमित्त प्रमुखले यसबीचमा सबै काम सम्हालेको पाइयो । मेडिकल सुपरिटेन्डेन्ट नै अस्पतालमा धेरै नबस्ने हुँदा अन्य डाक्टर पनि ओपिडीमा दुई घण्टा जति मात्रै बस्ने अनि आफ्नो क्लिनिकमा जाने गरेको उक्त समाचारमा उल्लेख छ ।[1]

कैलाली जिल्लाको धनगढीमा रहको सेती अञ्चल अस्पतालमा लामो समयपछि सञ्चालनमा रहेको सघन उपचार कक्षमा विशेषज्ञ नहुँदा बिरामीलाई समस्या भएको भेटिएको छ । दार्चुला जिल्लाको भगवती गाविस वडा नम्बर ५ नवालापानी बस्तीका बालबालिका नियमित खोपबाट बञ्चित भएको पाइयो । त्यहाँ स्थापना भएको खोप केन्द्रमा प्रत्येक महिनाको १६ गते नियमित रूपमा खोप लगाउन स्वास्थ्यकर्मी आउनुपर्नेमा उनीहरु नआएपछि बालबालिका खोपबाट बन्चित भएको स्थानीयले जानकारी दिएका छन् (त्रैमासिक प्रतिवेदन, हेमकर्ण विक, सुदूरपश्चिमाञ्चल) ।

ग्रामीण भेगका स्वास्थ्य चौकीमा सरकारले निःशुल्क उपलब्ध गराउँदै आएको औषधीको अभाव भएकोले पाँचथर, बाजुरा, पर्वत, कपिलवस्तु आदि जिल्लामा समस्या परेको जानकारी प्राप्त भएको छ । पाँचथरको दक्षिणी गाविस सराङडाँडा-५ का एक बासिन्दा भन्छन्, 'हाम्रो उपस्वास्थ्य चौकीमा सामान्य रुघा, खोकी, ज्वरो आउँदा समेत निःशुल्क रूपमा पाइने औषधी छैन । यहाँका स्वास्थ्यकर्मीले जिल्लाबाटै आएको छैन भन्ने जवाफ दिन्छन् । हामी बाध्य भएर ५ घण्टा टाढाको रवि बजार जानुपर्छ ।' स्वास्थ्य चौकीमा मात्रै होइन, विभिन्न जिल्ला अस्पतालमा समेत अत्यावश्यक औषधीको अभाव भएको पाइयो । पर्वत जिल्ला अस्पतालका मेडिकल सुपरिटेण्डेण्टले वार्षिक खपतको ८० प्रतिशत औषधि केन्द्र तथा क्षेत्रबाट आउने र २० प्रतिशत मात्रै जिल्लाले खरिद गर्ने परिपाटी रहेको बताउँदै केन्द्र तथा क्षेत्रले तोकिएको मात्रामा औषधी जिल्लामा नपठाएका कारण अस्पतालमा औषधीको अभाव भएको बताए (त्रैमासिक प्रतिवेदन, मध्यपश्चिमाञ्चल विश्वविद्यालय, मध्यपश्चिमाञ्चल, नेपाल मधेस फाउन्डेशन, हेमकर्ण विक, सुदूरपश्चिमाञ्चल, माहुरी होम, पश्चिमाञ्चल) ।

[1] http://kantipur.ekantipur.com/printedition/news/2016-09-28/20160928080751.html

दैलेख जिल्लाको रानीवन ८ र ९ का जनताले स्वास्थ्य चौकीको अभावमा आधारभूत स्वास्थ्य सेवावाट बञ्चित भएकोले स्वास्थ्य चौकी स्थापनाको माग राखी आन्दोलन गरेको थाहा भएको छ (त्रैमासिक प्रतिवेदन, मध्यपश्चिमाञ्चल विश्वविद्यालय, मध्यपश्चिमाञ्चल) ।

मोरङ जिल्लाको विराटनगरमा जनस्वास्थय कार्यलयको अनुगमन टोलीले मंसिरको पहिलो साता एक दर्जनभन्दा बढी निजी क्लिनिक र औषधी पसलमा सिलबन्दी गरेको पाइयो । यस क्षेत्रमा ५ सयभन्दा बढी निजी क्लिनिक सञ्चालनमा रहेको भए पनि जनस्वास्थ्य कार्यालयमा १३ निजी क्लिनिक मात्रै दर्ता भएका छन् (त्रैमासिक प्रतिवेदन, नेपाल मधेस फाउन्डेशन) ।

**समाजमा अमन चयन कायम राख्न धेरै हदसम्म प्रशासन सबल देखिए पनि सामाजिक सुरक्षा भत्ता वितरण, यातायात, कृषि, खाद्यआपूर्ति जस्ता क्षेत्रका केही कार्यक्रममा भने केही कमजोरी रहेको पाइयो ।**

प्रहरीले घरेलु मदिरा नष्ट गर्ने कार्यलाई प्राथमिकतापूर्वक निरन्तरता दिएको जिल्ला प्रहरी कार्यालय सुर्खेतले जनाएको छ । कन्चनपुर जिल्लाको बेदकोट नगरपालिकामा सरोकारवालाको बैठकले बजार तथा नगरमा शान्ति कायम गर्न, आपराधिक घटनाहरू कम गर्नको लागि मदिरा सेवनबारे चौध बुँदे आचारसंहिता निर्माण गरेको बताइएको छ । यद्यपि महंगो रक्सी पिउनका निम्ति आवश्यक पैसाका लागि पनि समाजमा चोरी डकैती आदि बढ्दै गरेको पाइएको छ । विशेष गरी शहरिया केही युवा रक्सी तथा अन्य लागू पदार्थ सेवन गर्न चाहिने आवश्यक पैसा संकलन गर्न चोरी डकैतीमा लाग्ने गरेको पाइएको जिल्ला प्रहरी कार्यालय सुर्खेतले जनाएको छ (त्रैमासिक प्रतिवेदन– मध्यपश्चिमाञ्चल विश्वविद्यालय, मध्यपश्चिमाञ्चल र हेमकर्ण विक सुदूरपश्चिमाञ्चल) ।

मध्यपश्चिमका पहाडी जिल्लामा बढ्दो सडक दुर्घटना रोक्न ट्राफिक प्रहरीले टाइम कार्ड प्रणाली लागू गरेको जिल्ला ट्राफिक कार्यालय सुर्खेतका प्रमुखले जानकारी दिए । यद्यपि सिटभन्दा बढी यात्रु ओसार्ने, यात्रु बोक्ने गाडीमा अधिकभारयुक्त मालसामान हाल्ने, जथाभावी ओभरटेक गर्ने तथा अनियन्त्रित गतिमा सवारी हाँक्नुका साथै सवारी क्षेत्रमा कायम रहेको सिन्डिकेट प्रणालीका कारण अत्याधिक दुर्घटना हुने गरेको तथ्य विभिन्न प्रतिवेदनहरूले सार्वजनिक गरेका छन् । यसतर्फ पनि प्रहरी चनाखो हुनुपर्ने देखिएको छ । कन्चनपुर जिल्लाको महाकाली यातायात कार्यालयमा गत असोज ९ गते तोडफोड भएको भेटिएको छ । लामो समयपछि चालक अनुमति पत्रका लागि परीक्षाको आवेदन खोलिएकोमा पुनः मिति सारिएपछि सेवाग्राहीले कार्यालय तोडफोड गरेको बताइएको छ (त्रैमासिक प्रतिवेदन– मध्यपश्चिमाञ्चल विश्वविद्यालय, मध्यपश्चिमाञ्चल र हेमकर्ण विक सुदूरपश्चिमाञ्चल) ।

दार्चुलामा स्थानीय विकास अधिकारीले रकम निकासा नगरी जिल्ला छाडेपछि पहिलो चौमासिक सामाजिक सुरक्षा भत्ता पाउनबाट नागरिक बञ्चित भएको जानकारीमा आएको छ । त्यस्तै, गुल्मी जिल्लाको खिदिम गाविसमा दशैंअगाडि नै पाउनुपर्ने सामाजिक सुरक्षा भत्ता मंसिरको पहिलो सातासम्म पनि वितरण नगरिएको पाइयो । यहाँका ७८ वर्षीय एक ज्येष्ठ नागरिकले गाविस सचिव गाउँमा नै नआएका कारण भत्ता पाउन नसकेको गुनासो गरे (त्रैमासिक प्रतिवेदन– हेमकर्ण विक सुदूरपश्चिमाञ्चल र माहुरी होम, पश्चिमाञ्चल) ।

सरकारले दशैं तिहार जस्ता चाडपर्व लक्षित गरेर सुपथ मूल्यका पसल सञ्चालनमा ल्याए पनि डोल्पा, हुम्ला, बझाङ लगायतका जिल्लामा खाद्यान्न अभाव भएको पाइयो । कर्णाली अञ्चलका जिल्लामा चामलको

भाउभन्दा ढुवानी शूल्क चारगुणा महंगो रहेको पाइयो (त्रैमासिक प्रतिवेदन– मध्यपश्चिमाञ्चल विश्वविद्यालय, मध्यपश्चिमाञ्चल र हेमकर्ण विक, सुदूरपश्चिमाञ्चल) ।

**विगतका प्रतिवेदनमा झैँ यस पटक पनि सरकारी कार्यालयमा अनियमितताका घटनाहरू उल्लेख्य संख्यामा नै भएको पाइयो भने त्यसलाई नियन्त्रण गर्नका लागि सम्बन्धित निकायहरूको सक्रियता पनि उत्तिकै देखियो ।**

विभिन्न सरकारी कार्यालयमा सेवाबापत थप रकम घुसको रूपमा असुल्ने कार्य यस अवधिमा पनि भएको पाइयो । त्यस्ता घटनामा संलग्न भएको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले केही घटनामा अनुसन्धान र कारबाहीको आवश्यक प्रक्रिया पनि सुरु गरेको पाइयो । यसको एक उदाहरण असोजको तेस्रो सातामा सिराहा जिल्लामा भेटियो जहाँ मालपोत कार्यालयका प्रमुखलाई सेवाग्राहीबाट ४० हजार रुपैयाँ घुस लिएको अभियोगमा उक्त रकमसहित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले पक्राउ गरेको थियो (त्रैमासिक प्रतिवेदन– नेपाल मधेस फाउन्डेशन) ।

क्षेत्रीय प्रशासन कार्यालयले हेल्लो सरकार सञ्चालनमा ल्याएपछि सुर्खेतमा एक सयभन्दा बढी उजुरी परेको स्थानीय पत्रपत्रिकाहरूले जनाएका छन् । उक्त कार्यालयका अनुसार सबैभन्दा बढी उजुरी शिक्षा क्षेत्रसँग सम्बन्धित छन् भने, भौतिक पूर्वाधार, यातायात, खानेपानी, विद्युत् र सामाजिक भत्ताबारे पनि उल्लेख्य संख्यामा उजुरी परेका छन् । यस प्रकारको कार्यक्रमले सर्वसाधारण नागरिकलाई प्रशासनसँगको पहुँच बढाउन सहयोग गरेको पाइन्छ । यद्यपि राजनीतिक प्रतिशोध वा रिसइवीका कारण पनि कसैकसैले उजुरी हालेको भन्ने बुझाइ पनि भेटिएको छ (त्रैमासिक प्रतिवेदन– मध्यपश्चिमाञ्चल विश्वविद्यालय, मध्यपश्चिमाञ्चल) ।

जिल्ला प्रशासन कार्यालय पाँचथरले कात्तिक पहिलो साता ३ वटा समूह बनाएर जिल्लाका १५ वटा सरकारी कार्यालयमा एकसाथ हाजिरी छड्के गरेको भेटियो । यसरी छड्के गर्दा दशैं मान्न गएका १० वटा सरकारी कार्यालयका प्रमुख सहित ६० जनाभन्दा बढी कर्मचारी अनुपस्थित रहेको भेटिएको थियो । दशैं विदा सकिएको ५ दिनसम्म कर्मचारी नफर्कंदा सर्वसाधारणले भने सास्ती व्यहोर्नु परेको पाइयो (त्रैमासिक प्रतिवेदन– मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह, पूर्वाञ्चल) ।

कपिलवस्तु जिल्लाका विभिन्न नाकाबाट नदीजन्य पदार्थ (गिटी, बालुवा) निकासीको ठेक्कामा ठेकेदारले तोकिएको भन्दा तेब्बर बढी राजस्व असुल गरिरहेको पाइएको छ । उनीहरूले बुटवलस्थित अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सम्पर्क कार्यालयदेखि जिल्ला प्रहरी कार्यालय तौलिहवा र सम्बन्धित क्षेत्रका प्रहरी कार्यालयका इन्चार्जहरूलाई समेत महिनावारी दिनुपर्ने भन्दै बढी रकम असुल गरिरहेको सवारीधनीहरूले दाबी गरेको पाइयो । यस विषयमा जिल्ला प्रशासन कार्यालय, प्रहरी र जिविसमा गुनासो गरे पनि यी निकायहरूले समस्या समाधान नगरेको उपभोक्ताले गुनासो गरेको पाइयो (त्रैमासिक प्रतिवेदन– माहुरी होम, पश्चिमाञ्चल)

**सरकारी कार्यालयको भौतिक पूर्वाधार न्यून स्तरको भएको कारणले पनि नागरिकले दुःख पाउनुपरेको पाइएको छ ।**

कारागारमा क्षमता भन्दा बढी कैदी राख्दा कैदीहरू बिरामी परेको देखिएको छ । जाजरकोट कारागारमा १० जना राख्न मिल्ने भए तापनि हाल ४४ जना कैदी जसोतसो बस्नुपरेको स्थानीय पत्रपत्रिकाले उल्लेख गरेका छन् । प्रहरी हिरासतमा राख्ने कोठा र कारागारको अवस्था नाजुक देखिएको छ । धेरैजसो जिल्ला प्रहरी कार्यालयमा अँध्यारो कोठा हिरासतको लागि प्रयोग गरेको पाइयो भने यस्ता कोठामा सामान्य सुविधासमेत नभएको पाइयो (त्रैमासिक प्रतिवेदन– मध्यपश्चिमाञ्चल विश्वविद्यालय, मध्यपश्चिमाञ्चल) ।

नवलपरासीमा नयाँ कारागार सञ्चालन भए लगत्तै विभिन्न कारागारबाट आएका र स्थानीय स्तरमा भएका अपराधका घटना वृद्धिका कारण क्षमता भन्दा ३ गुणा बढी बन्दी पुगेपछि दैनिक जसो ५ देखि १० जना बन्दी बिरामी हुने गरेको पाइएको छ । कात्तिक अन्तिम साता राष्ट्रिय मानव अधिकार आयोग उपक्षेत्रीय कार्यालय बुटवल सहितको टोलीले अर्घाखाँची जिल्लाको कारागार अनुगमन गर्दा २५ जनाको क्षमता रहेको कारागारमा ३४ जना कैदीबन्दी रहेको पाइएको बताएको छ (त्रैमासिक प्रतिवेदन– माहुरी होम, पश्चिमाञ्चल) ।

केही सरकारी भवन अपांग मैत्री नहुँदा अपाङ्गता भएका व्यक्तिलाई समस्या परेको भेटिएको छ । कपिलवस्तु जिल्लाका दृष्टिविहीन सञ्चारकर्मी ओरीराम चौरसियाले सम्पूर्ण कार्यालयहरू अपाङ्गमैत्री नभएको आरोप लगाएका छन् । उनले पुराना कार्यालयहरू अपाङ्गमैत्री नभए पनि नयाँ बन्दै गरेका कार्यालयहरू पनि अपाङ्ग मैत्री नबनेको गुनासो गरेका हुन् । यस्तै अधिंकाश कार्यालयका कार्यालय प्रमुखहरू माथिल्लो तलामा बस्दा विभिन्न किसिमका फरक क्षमता भएका व्याक्तिहरूलाई समस्या परेको जानकारीमा आएको छ । गोरखा जिल्लामा भूकम्प पछिको पुनःनिर्माणका क्रममा निर्माण गरिने भौतिक संरचना अपाङ्गमैत्री बनाउन अपाङ्गता भएका व्यक्तिहरूले माग गरेका छन् (त्रैमासिक प्रतिवेदन– माहुरी होम, पश्चिमाञ्चल) ।

**२. सामाजिक एकता/तनाव**

**विगतका त्रैमासिक प्रतिवेदनमा उल्लेख भएझैं यस अवधिमा पनि जातीय छुवाछूतका कारण समाजमा दलितहरू हिंसाको शिकार भएको पाइएको छ ।**

जातको आधारमा गरिने भेदभावलाई कानुनले दण्डनीय अपराध मानिसके पनि समाजमा छुवाछूत र जातीय भेदभावको अभ्यास सघन छ । यस्ता आपराधिक व्यवहारका केही उदाहरण यस अवधिमा पनि प्राप्त भए । बझाङको रिलु गाविस ८ द्वारीमा दलितले मन्दिर छोएको भन्दै गैर दलितबाट १ ग्राम सुनसहित २ हजार रुपैयाँ जरिवाना गरिएको पाइयो । यस्तै बैतडी जिल्लाको दशरथ नगरपालिका वडा नम्बर ११ का दलित परिवारलाई गैर दलित समुदायले खानेपानीबाट बञ्चित गराएको दलित समुदायहरूले आरोप लगाएका छन् ( त्रैमासिक प्रतिवेदन– हेमकर्ण विक सुदूरपश्चिमाञ्चल) ।

छठमा पर्वलाई तराईमा उर्जा, समानता र सद्भावको प्रतीकको रूपमा मान्दै मनाइन्छ । तर सिराहाको कुर्बा हनुमाननगरका दुई दलित परिवारका लागि भने सोही पर्व छुवाछूतको पिरलोको रूपमा देखा परेको पाइयो । स्थानीय मल्लिक थरका दुई दलितलाई पोखरीमा छठ पूजा गर्न कथित उच्च जातका गाउँलेले रोक लगाएको पाइयो । गाउँलेको अवरोधपछि उनीहरूले आफ्नै बारीमा खाल्डो खनेर ट्यूबवेलको पानी जमाएर जेनतेन छठ मनाउन बाध्य भएको बताइएको छ (त्रैमासिक प्रतिवेदन– नेपाल मधेस फाउन्डेशन) ।

**महिला र बालबालिका यस अवधिमा पनि हत्या, बलात्कार, बेचबिखन लगायतका हिंसाको शिकार भएको पाइयो ।**

राष्ट्रिय मानव अधिकार आयोग क्षेत्रीय कार्यालय धनगढीका अनुसार २ सयभन्दा बढी उजुरीहरू गत भाद्र महिनासम्ममा दर्ता भएका छन् । तिनमा राजनीतिक अधिकार हनन्का ८३, आर्थिक तथा सामाजिक सांस्कृतिक हनन्का २५, यातनासम्बन्धी ५०, बेपत्ता तथा अपराधसम्बन्धी ३०, मानब अधिकारसम्बन्धी ५,

बाल अधिकारसम्बन्धी ६ र जातीय विभेदसम्बन्धी २ उजुरी छन् । तीमध्ये ८४ उजुरीमा अनुसन्धान भइरहेको र ३६ उजुरी कारबाहीको प्रक्रियामा रहेको उक्त कार्यालयले जनाएको छ । सुदूरपश्चिममा महिला आत्महत्या, बलात्कार तथा हत्याको ५, पुरुष हत्या ४, महिला कुटपिटको १, बालिका बलात्कारको १ घटना जानकारीमा आएका छन् । यस्तै पश्चिमाञ्चलमा बालिका बलात्कारपछि हत्याको १, महिला हत्या ४, महिला तथा बालिका बलात्कार तथा यौन दुर्व्यवहारको ९ तथा महिला बेचबिखन तथा शारीरिक यातनाको २ घटनाहरू भएको पाइयो (त्रैमासिक प्रतिवेदन– हेमकर्ण विक, सुदूरपश्चिमाञ्चल र माहुरी होम, पश्चिमाञ्चल) ।

सामाजिक अन्धविश्वास र विभेदका कारण पनि महिलाले कष्ठकर जीवनयापन गर्नुपरेको पाइएको छ । अछाम जिल्लाको तिमिल्सेन गाविस वडा नम्बर ७ मा एक युवतीको छाउपडी गोठमा कात्तिक पहिलो साता मृत्यु भएको छ । उनका परिवारका अनुसार दिनभर घाँस काटेकी र बस्तु भाउको मल बोकेकी उक्त युवती भोलिपल्ट बिहान मृत फेला परेकी थिइन् ।

बैतडीको सीमा नाका झुलाघाट हुँदै भारत जाने बालबालिकाको संख्यामा वृद्धि भएको पाइएको छ । विद्यालयको पढाइलाई छोडी घरबाट भागेर भारतको विभिन्न ठाउँ जाने वा प्रलोभनमा परेर बेचबिखनमा पुग्ने बालबालिकाको संख्यामा वृद्धि भएको सीमा नाका प्रहरी चौकी झुलाघाटले जनाएको छ । यस चौकीले २७ जना बालबालिकालाई उद्धार गरी आफन्तको जिम्मा लगाइसकेको पाइएको छ । मानसिक सन्तुलन गुमाएको भन्दै लमजुङकी एक ९२ वर्षे वृद्धालाई दुई वर्षदेखि खोरमा थुनिएको पाइयो भने तनहुँमा दुई वर्षदेखि घरमै बन्धक बनाइएकी ३५ वर्षे महिलाको अधिकारकर्मीहरूको पहलमा उपचार सुरु भएको जानकारीमा आएको छ (त्रैमासिक प्रतिवेदन– हेमकर्ण विक, सुदूरपश्चिमाञ्चल र माहुरी होम, पश्चिमाञ्चल) ।

## ३. राजनीतिक परिचालन /तनाव

**सरकारले दर्ता गराएको संविधान संशोधनको प्रस्तावले स्थानीय स्तरसम्मकै राजनीतिक वृत्तमा हलचल ल्याएको छ । यसको पूर्ण टुंगो नलागेसम्म केन्द्रदेखि स्थानीय स्तरमै तनाव बढ्ने देखिएको छ ।**

संविधान संशोधनको दोस्रो विधेयकमा प्रस्ताव गरिएको प्रदेश सीमानाको हेरफेरमा प्रदेश नं. ४, ५ र ६ आकर्षित हुने भएकाले यी क्षेत्रमा तनाव देखिएको छ । खासगरी नयाँ जिल्ला मिसिने प्रस्ताव गरिएको ४ र ६ मा भन्दा जिल्ला छुट्टिने प्रस्ताव गरिएको प्रदेश नं. ५ का बासिन्दा आन्दोलनरत देखिएका छन् । प्रदेश नं. ५ को व्यापारिक केन्द्रको रूपमा रहेको बुटवलमा ठूलो संख्यामा जनता सडकमा ओर्लिएको जानकारीमा आएको छ भने पाल्पा, गुल्मी, अर्घाखाँची, प्युठान र रोल्पामा पनि विभिन्न आन्दोलनका कार्यक्रम अगाडि सारिएको भेटिएको छ (त्रैमासिक प्रतिवेदन– मध्यपश्चिमाञ्चल विश्वविद्यालय, मध्यपश्चिमाञ्चल, हेमकर्ण विक सुदूरपश्चिमाञ्चल र माहुरी होम, पश्चिमाञ्चल) ।

मधेसी मोर्चाको केन्द्रीय नेतृत्व भने अहिले सडकमा नजाने, तर यथास्थितिमा सरकारले अघि बढाउने स्थानीय चुनाव लगायत संविधान कार्यान्वयनका कुनै पनि काम अघि बढ्न नदिने रणनीतिमा रहेको बुझिएको छ । संघीय समाजवादी फोरम सिरहाका नेता सञ्जीव यादवले स्थानीय तह पुनःसंरचनाको काम गर्न नदिनू भनेर पार्टी केन्द्रले निर्देशन दिएको उल्लेख गरेको पाइयो । स्थानीय तह पुनःसंरचना प्राविधिक सहयोग समिति सिरहाका संयोजक तथा स्थानीय विकास अधिकारीले मधेसवादी दलको अवरोधका कारण हालसम्म आफ्नो

जिल्लामा पुनःसंरचनाको काम पूरा हुन नसकेको बताएका थिए (त्रैमासिक प्रतिवेदन– नेपाल मधेस फाउन्डेशन)।

सरकारले आन्दोलनरत पक्षको मागको सुनुवाई नगरी संविधान संशोधन गरेको भन्दै थरुहट संघर्ष समितिले कैलालीमा आन्दोलनको तयारी गरेको जानकारीमा आएको छ । संविधान संशोधनको नाममा सरकारले भ्रम छर्न खोजेको भन्दै थारु बहुल जिल्ला नवलपरासीदेखि कञ्चनपुरसम्म थारुहट प्रदेशको माग गरी उक्त समितिले संघर्षका कार्यक्रमहरू सञ्चालन गर्ने जनाएको छ । संयुक्त मधेशी मोर्चाका कार्यकर्ताले मङ्सिर ६ गते नवलपरासीमा एक मोटरसाइकलमा आगजनी गरेको पाइयो । संयुक्त मधेशी मोर्चाका जिल्ला संयोजकले सो आगजनीको जिम्मा लिँदै संविधान संशोधन नगरिएसम्म मोर्चाका आन्दोलनका कार्यक्रमहरू जारी रहने बताएका थिए (त्रैमासिक प्रतिवेदन– मध्यपश्चिमाञ्चल विश्वविद्यालय, मध्यपश्चिमाञ्चल, हेमकर्ण विक सुदूरपश्चिमाञ्चल र माहुरी होम, पश्चिमाञ्चल)।

**स्थानीय निकाय पुनःसंरचना आयोगले काम सुरु गरेपछि धेरै जिल्लाहरूमा स्थानीय तहको संख्या कति बनाउने र सेवा केन्द्र कहाँ बनाउने भन्नेमा विवाद अल्झेको देखिएको छ।**

सुर्खेत, दैलेख, जुम्ला, मुगु, बैतडी र रुकुममा स्थानीय निकायको संख्या र सीमानामा जनअसन्तुष्टि देखिएपछि प्राविधिक सहयोग समितिले विकल्पसहितको प्रतिवेदन केन्द्रमा पेश गरेको तर केन्द्रले स्थानीय स्तरमै विवाद मिलाएर पुनः पठाउन आग्रह गर्दै विवादित १९ जिल्लाका प्रतिवेदन फिर्ता पठाएको पाइएको छ । केही जिल्लामा प्राविधिक समितिले स्थानीय स्तरमा बृहत् राजनीतिक समर्थन बिना नै स्थानीय निकायको संख्या र सीमाना तोकेकोमा दलहरू रुष्ट देखिएको पाइएको हो भने केही जिल्लामा राजनीतिक दलबीच सहमति हुन नसकेको भेटियो । कैलाली जिल्लामा स्थानीय तह पुनःसंरचना प्राविधिक सहयोग समितिले आयोगमा पठाउन लागेको प्रस्तावित सीमांकन खाकाको चर्को विरोध भएको र पछि स्थानीय तहको संख्या १० देखि १३ वटा बनाउने सर्वपक्षीय सहमति भएपछि स्थानीय विवाद केही शान्त भएको पाइयो । यसै जिल्लाका सहजपुर र निगालीका बासिन्दाहरूले अलग्गै गाउँपालिकाको माग गर्दै असोज ११ गते जिल्ला विकास समितिको कार्यालयमा ज्ञापन पत्र बुझाएको पाइएको छ । बझाङ जिल्लाको काँडा गाविसलाई अलग्गै गाउँपालिका बनाउनुपर्ने माग गर्दै स्थानीयले मंसिर ८ गते आन्दोलन गरेको जानकारीमा आएको छ (त्रैमासिक प्रतिवेदन– मध्यपश्चिमाञ्चल विश्वविद्यालय, मध्यपश्चिमाञ्चल र हेमकर्ण विक सुदूर पश्चिमाञ्चल)।

पाँचथरका उत्तरी च्याङथापू, फलैँचा, आयोम, थर्पू र नागी गाविसलाई मिलाई निर्माण गर्न प्रस्ताव गरिएको याङवरक गाउँपालिकाको केन्द्र आयोमको मान्द्रेनीमा हुनुपर्ने माग राख्दै उत्तरी च्याङथापू, फलैँचा र आयोम गाविसका बासिन्दाले फिदिममा प्रदर्शन गरेको पाइयो । त्यस्तै गरी पुनःसंरचनाको खाकाप्रति असन्तुष्ट पक्ष र प्रहरीबीच मंसिर ३ गते पाँचथरको फिदिममा झडप भएको पाइयो । जिल्ला विकास समितिको बैठक कक्षमा प्राविधिक समितिको बैठक बसिरहेका बखत रानीटार गाविसलाई नटुक्राउन तथा दक्षिणी नवमीडाँडा, इम्बुङ, पौवासारपाप, चिलिङ्दिन, फाक्तेप र आङसराङलाई मिलाई फाल्गुनन्द गाउँपालिका बनाउन माग गर्दै प्रदर्शनरत स्थानीयवासी र प्रहरीबीच जिविस परिसरमा झडप भएको थियो । झापामा स्थानीय तह पुनर्संरचना प्राविधिक सहयोग समितिले स्थानीय तह पुनर्संरचनामा एकलौटी निर्णय गरेको भन्दै नेकपा एमालेसहितका ६ वटा राजनीतिक दल आन्दोलित भएको जानकारीमा आएको छ । स्थानीय तह पुनर्संरचना प्राविधिक सहयोग

समितिका संयोजक समेत रहेका स्थानीय विकास अधिकारीले आफूहरूलाई बैठकमै सहभागी नगराई एकलौटी रूपमा निर्णय गरेको भन्दै एमाले, नेकपा माले, नयाँ शक्ति लगायतका दल आन्दोलनमा उत्रिएका हुन् । आन्दोलित दलहरूले कात्तिक २४ गते बुधवार पुनर्संरचनाको निर्णय सच्याउन माग गर्दै झापा सदरमुकाम चन्द्रगढीमा प्रदर्शन समेत गरेको जानकारीमा आएको छ (त्रैमासिक प्रतिवेदन– मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह, पूर्वाञ्चल) ।

नवलपरासीमा सङ्घीय संरचनाअनुसार स्थानीय तहको खाका तयार गर्न बसेको सर्वदलीय बैठकका क्रममा असन्तुष्टि जनाउँदै मधेसवादी दलका कार्यकर्ताले निर्णय पुस्तिका कब्जामा लिएको जानकारीमा आएको छ । स्थानीय विकास अधिकारीको अध्यक्षतामा मङ्सिर ६ गते जिल्ला विकास समितिमा बसेको बैठकमा सर्वदलीय बैठकमा संयुक्त मधेशी मोर्चाका कार्यकर्ताहरूले असहमति जनाउँदै बैठकको निर्णय पुस्तिका कब्जा गरेको बताइएको छ । बैठकमा सहभागी अन्य दलका प्रतिनिधिहरू सात वटा नगरपालिकालाई कायम राख्दै आठ वटा गाउँपालिका बनाउन सहमत भए पनि सीमाङ्कनको टुङ्गो नलागेसम्म स्थानीय तह बनाउन नहुने भन्दै मोर्चाका कार्यकर्ताहरूले विरोध गरिरहेका थिए । कपिलवस्तु र रुपन्देही जिल्लामा पनि यस्तो समस्या देखिएको जानकारीमा आएको छ (त्रैमासिक प्रतिवेदन– माहुरी होम, पश्चिमाञ्चल) ।

**विभिन्न राजनीतिक दलको बन्द, हड्ताल, चन्दा आतंक तथा मनोमानी गर्ने जस्ता गतिविधिले गर्दा सर्वसाधारण नागरिक बढी मारमा परेको देखिएको छ ।**

पूर्वाञ्चलमा विशेष गरी इलाम, पाँचथर, ताप्लेजुङ लगायतका जिल्लाहरूमा नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको माओवादी दलले अहिले चन्दा आतंक, बन्द हड्ताल आदि क्रियाकलापहरू गरिरहेको पाइएको छ । २०७३ कात्तिक २८ गते खाद्य सम्प्रभुत्ता कायम गर भन्दै उक्त दलले गरेको नेपाल बन्दले जनजीवन कष्टकर बनाएको पाइयो । नेपाल बन्द गराउँदै हिँडेका ६ जना कार्यकर्ता सुर्खेतमा पक्राउ परेका थिए । उक्त दिन पाल्पाको चिर्तुङ्धारा ७ घोरबन्दाकी एक महिला बिहान झिसमिसेमै काम खोज्दै एक घण्टा पैदल हिँडेर सदरमुकाम तानसेन आए पनि अघिल्ला दिनहरूमा झैँ भारी बोक्ने काम नपाएपछि ९ बजेतिर निराश भएर रित्तै घर फर्किनु परेको पाइयो । यसै गरी बन्दले गर्दा काम नपाएकाले घरमा चाहिने खानाखर्च कमाउन नसकेका र त्यसका कारण दैनिक जीवन यापनमा असहज अवस्था सामना गरेका महिला र पुरुषका अन्य उदाहरण धेरै भेटिए । महङ्गी, भ्रष्टाचार नियन्त्रण तथा खाद्य अधिकार सुनिश्चित हुनुपर्ने माग गर्दै नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपा माओवादीले गरेको नेपाल बन्दले गर्दा दैनिक ज्यालादारी काम गरी परिवारको गुजारा चलाउने वर्गलाई मार परेको पाइयो (त्रैमासिक प्रतिवेदन– मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह, पूर्वाञ्चल, मध्यपश्चिमाञ्चल विश्वविद्यालय, मध्यपश्चिमाञ्चल र माहुरी होम, पश्चिमाञ्चल) ।

नेत्रविक्रम चन्द 'विप्लव' नेतृत्वको नेकपा माओवादीले जबर्जस्ती चन्दा असुलीमा सक्रियता बढाएको समेत पाइएको छ । अवैध चन्दा असुली गरेको आरोपमा प्रहरीले यस दलका इलाम जिल्ला सचिव र कार्यालय सचिवलाई मंसिर ७ मा पक्राउ गरेको जानकारीमा आएको छ । उनीहरू दुवै विरुद्ध जिल्ला प्रशासन कार्यालयमा सार्वजनिक मुद्दा दर्ता गरिएको बताइएको छ । नेत्रविक्रम चन्द 'विप्लब' नेतृत्वको नेकपा ( माओवादी) पाँचथरले स्थानीय तह पुनर्संरचना कार्यान्वयन नगर्न तथा पुनर्संरचनाको भ्रममा नपर्न आग्रह गरेको पाइयो । उक्त दलका जिल्ला समिति सचिवले कात्तिक २७ मा प्रेस विज्ञप्ति जारी गर्दै स्थानीय तहलाई अधिकार सम्पन्न बनाउने नाममा जटिलता पैदा गरिएको र सर्वसाधारणलाई चर्को मालपोत तिर्नुपर्ने, कमजोर

आर्थिक अवस्थाका सर्वसाधारणले बसाइँ सर्नुपर्ने र गाउँबस्ती उजाड बनाउने काम गर्न लागिएको आरोप लगाएका छन् (त्रैमासिक प्रतिवेदन– मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह, पूर्वाञ्चल)।

मध्यपश्चिमाञ्चल विश्वविद्यालय सुर्खेतमा भर्खरै सम्पन्न स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन परिणामलाई लिएर पाँच विद्यार्थी संगठनले कात्तिक ३० मा विश्वविद्यालयमा तोडफोड गरेका छन् । निर्वाचन परिणामसँग असन्तुष्ट भएर तालाबन्दी गरेका विद्यार्थीहरूले आफ्नो माग पूरा नभएको भन्दै तोडफोड गरेको पाइयो ( त्रैमासिक प्रतिवेदन– मध्यपश्चिमाञ्चल विश्वविद्यालय, मध्यपश्चिमाञ्चल )।

## ४. स्रोत साधनमाथिको द्वन्द्व

**स्थानीयबासीको विभिन्न मागका कारण एक जलविद्युत आयोजनाको काम ढिलो भएको पाइयो भने एक सामुदायिक वनमाथिको विवाद पनि सतहमा आएको भेटियो ।**

पूर्वाञ्चलको पाँचथर जिल्ला अन्तर्गत फिदिम, भारपा र याङनाम गाविसको बीचमा निर्माण गरिएको हेवा खोला ए जलविद्युत आयोजनामा स्थानीयले प्रभावित याङनाम गाविसका लागि विभिन्न माग राखेको पाइएको छ । फलामका १३० ओटा पोल, शाखा लाइनका लागि ७० ओटा पोल हण्डी डि आइरन १०० ओटा, तार ३ हजार मिटर उपलब्ध गराउनुपर्ने, खानेपानीको व्यवस्था गर्नुपर्ने, सिंचाईको व्यवस्था, सडकलाई ग्राभेल बनाउनुपर्नेदेखि तीन विद्यालयलाई तीन लाखका दरले अनुदान दिनुपर्ने माग राखेको भेटियो । याङनामका प्रभावितले बाल्ने बिजुलीको महसुल ३० वर्षका लागि मिनाहा गरिनुपर्ने तथा हेवा ए कै बिजुली जोडेर उक्त स्थानलाई लोडसेडिङ मुक्त बनाइनुपर्ने माग समेत राखिएको पाइयो । मागकै कारण मंसिर १० बाट उत्पादन तथा प्रसारणको परीक्षण थाल्ने तयारी गरेको आयोजनाले सुरुङमा पानी लगाउन नसकेको पाइयो (त्रैमासिक प्रतिवेदन– मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह, पूर्वाञ्चल)।

कैलाली जिल्लाको अत्तरिया धनगढी रोडमा रहेको मस्जिद मदरसा इदगाह मुस्लिम सामुदायिक वनलाई मुस्लिम इदगाहको रूपमा २०७३ भदौ २८ मा प्रमुख जिल्ला अधिकारीले उद्घाटन गरेका थिए । यसले गर्दा अन्य धर्मालम्बीमा मुस्लिम समुदायको दाह संस्कार गर्ने कब्रस्थान यहीँ बनाउने हुन् कि भन्ने आशंका पैदा गरिएको पाइयो । यस कदमको विरोधमा स्थानीय बासिन्दाहरूले २०७३ असोज १७ गते आन्दोलन गरेको पाइयो । यद्यपि उल्लेखनीय पक्ष के हो भने त्यहाँ अहिले यसको विरोधमा बृहद सक्रियता छैन र धार्मिक दृष्टिले तनाव बढेको पनि छैन । (त्रैमासिक प्रतिवेदन– हेमकर्ण विक सुदूरपश्चिमाञ्चल)।

## ५. संक्रमणकालीन न्याय/ न्यायमाथिको पहुँच

**सत्य निरुपण तथा मेलमिलाप छानविन आयोगले उजुरी फारम संकलन गरे पनि अहिलेसम्म त्यसको कुनै प्रक्रिया अगाडि नबढ्दा पीडितहरूमा नैराश्य बढिरहेको पाइएको छ र उनीहरूले उचित क्षतिपूर्ति र न्याय नपाएको गुनासो गरेका छन् ।**

सशस्त्र द्वन्द्वबाट पीडित भएका व्यक्तिहरूबाट उजुरी संकलन गरेको भए पनि सत्य निरुपण र बेपत्ता पारिएका व्यक्तिसम्बन्धी आयोगहरूले त्यसउपर कारवाही नगर्दा द्वन्द्वपीडितहरूले गुनासो व्यक्त गरेको पाइयो । गत साउन २६ गतेसम्म उजुरी दिने अन्तिम मिति तोकेका दुवै आयोगका सदस्यहरूले इलाममा आउँदा दशैंलगत्तै उजुरीमाथि छानविनको काम थालेर द्वन्द्वपीडितका घर-घरमा आउने आश्वासन दिएका थिए । तर, तिहार र छठ सकिँदासम्म आयोगहरूले आफूहरूलाई सम्पर्क समेत नगरेको द्वन्द्वपीडितहरूले बताएका छन् । इलाम बरबोटे गाविसका एक द्वन्द्वपीडितले भने, 'अहिलेसम्म आयोगका मान्छे पनि आएका छैनन् । आयोगबाट थप केही जानकारी पनि आएको छैन ।' सत्य निरुपण तथा मेलमिलाप आयोगमा इलामबाट एक हजार १ सय ३६ उजुरी परेका थिए । बेपत्ता आयोगमा २३ वटा उजुरी परेका थिए । सत्य निरुपणमा पूर्वाञ्चलबाट ६ हजार ८ सय २ र बेपत्ता आयोगमा दुई हजार ७ सय ८० उजुरी दर्ता भएको आयोगले जनाएको छ । संक्रमणकालीन न्यायको लागि सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता छानविन आयोगले जिल्लामा संकलन गरेको उजुरीमा महिला र बालबालिका नै बढी पीडित रहेको देखिएको छ (त्रैमासिक प्रतिवेदन– मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह, पूर्वाञ्चल) ।

सशस्त्र द्वन्द्वको अवधिमा अर्घाखाँची जिल्लामा १ सय १४ जनाको मृत्यु, दुईजना बेपत्ता, ५१ जना अपहरण, १ सय ९१ जना यातना तथा घाइते अंगभंग लगायतका घटना भएको स्थानीय शान्ति समितिको अभिलेखमा उल्लेख छ । स्थानीय शान्ति समितिमार्फत सत्य निरूपण तथा मेलमिलाप आयोगमा ३ सय ४० ओटा र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगमा १३ ओटा उजुरी परे पनि त्यसको छानबिन सुरू नहुँदा पीडितहरूले आशा गर्ने बाटो टुङ्गिएको पीडितले बताए । राष्ट्रिय मानव अधिकार आयोग उप क्षेत्रीय कार्यालय बुटवलका मानव अधिकार अधिकृतका अनुसार रूपन्देही जिल्लामा १ सय ८१ वटा द्वन्द्वपीडितका उजुरीहरू परेको छ (त्रैमासिक प्रतिवेदन– माहुरी होम, पश्चिमाञ्चल) ।

सशस्त्र द्वन्द्व समाप्त भएको १० वर्ष बितिसक्दा पनि द्वन्द्वका पीडितहरूले सरकारबाट उचित राहत र क्षतिपूर्ति पाउन नसकेको पाइयो । मंसिर १३ मा पाँचथरको फिदिममा भएको अन्तर्क्रियामा द्वन्द्वपीडितका प्रतिनिधिहरूले सधैं आश देखाउने तर, व्यवहारमा कार्यान्वयन नगर्ने परिपाटी त्याग्न शान्ति तथा पुनर्निर्माण मन्त्री सीतादेवी यादवमार्फत सरकारलाई आग्रह समेत गरेको देखियो । द्वन्द्वमा ज्यान गुमाएका व्यक्तिको परिवारलाई सरकारले १० लाख रुपैयाँ राहत दिने घोषणा गरेको भए पनि केही परिवारले ५ लाख र केहीले ३ लाख रुपैयाँ मात्रै प्राप्त गरेको बताउँदै द्वन्द्वपीडितले बाँकी रकम एकमुष्ठ उपलब्ध गराउन माग गरेको पाइयो (त्रैमासिक प्रतिवेदन– मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह, पूर्वाञ्चल)

## ६. भूकम्प लगायतका विपद्पछिको राहत/सहयोग वितरणसम्बन्धी चुनौती/द्वन्द्व

**हरेक वर्षा याममा झैं यस वर्ष पनि पहिरोले विभिन्न स्थानका बस्ती जोखिममा पारेको पाइयो भने विगतका वर्षकै पीडितहरूले समेत राहत पाउन नसकेकाले समस्या बढेको पाइएको छ ।**

निरन्तरको वर्षाका कारण फेमेखोलाले कटान गरेपछिको पहिरोको कारण पाँचथरको लुङ्रुपा-२ छेउटारका आठ घरपरिवार रहेको बस्ती जोखिममा परेको जानकारीमा आएको छ । भाद्र ३१ देखि परेको अविरल वर्षाका कारण

घरमुनिबाट बग्ने खोलाले कटान गरेपछि खसेको पहिरोले स्थानीय तामाङ परिवार विस्थापित बनेका हुन् (त्रैमासिक प्रतिवेदन– मानव अधिकार सञ्जाल तथा शान्ति कार्य समूह, पूर्वाञ्चल) ।

सुर्खेतमा २०७१ सालमा आएको भीषण वर्षापछिको बाढी र पहिरोमा परेका विस्थापितहरूलाई सरकारले अझैसम्म उचित बासको व्यवस्था गर्न नसकेको तथ्य यस अघिको प्रतिवेदनमा उल्लेख भइसकेको छ । उनीहरूमध्ये कोही सार्वजनिक जग्गामा बसोवास गरिरहेका छन् भने कोही सरकारी कार्यालय (महिला प्रशिक्षण केन्द्र वीरेन्द्रनगर, सार्वजनिक वनक्षेत्र गिरिघाट, स्वास्थ्य चौकी छिन्चु आदि) मा बसोवास गरेका छन् (त्रैमासिक प्रतिवेदन–मध्यपश्चिमाञ्चल विश्वविद्यालय, मध्यपश्चिमाञ्चल) ।

२०७२ वैशाख १२ गते गएको भूकम्पले भत्काएका स्वास्थ्यचौकी पुनः निर्माण नगरिँदा प्रभावित क्षेत्रका अधिकांश गाविसका स्वास्थ्य संस्थाले टेण्ट र टहरोबाटै स्वास्थ्य सेवा दिन बाध्य भएको पाइयो । भूकम्पले गोरखा जिल्लाका ५४ ओटा स्वास्थ्य संस्थामा पूर्ण रूपमा क्षति पुऱ्याएको थियो । तीमध्ये श्रीनाथकोट गाविसमा मात्र अर्धपक्की भवन बनिसकेको छ । अन्य धेरै गाविसका स्वास्थ्य चौकीले अस्थायी टहरा र टेण्टबाटै सेवा दिइरहेको खबर छ । टेण्ट तातेर जाँच्न आउने बिरामी पनि धेरै समय डाक्टरसँग बस्न नचाहने गरेको स्वास्थ्यकर्मीहरूले बताएको पाइयो । विभिन्न जिल्लामा भूकम्प पीडितले पुनर्निमाणबापत पहिलो किस्ताको रकम पाइसकेका छन् । गोरखामा भूकम्पपछि निजी आवास निर्माणको प्रक्रिया अत्यन्तै सुस्त गतिमा भएको पाइएको छ भने लाभग्राही सूचीमा नाम समावेश नभएको भन्दै गुनासो फारम भर्ने १५ हजार ५ सय परिवारको बारेमा अहिलेसम्म सम्बोधन हुन नसकेको पाइएको छ । कतिपय भूकम्प पीडितले निजी आवास निर्माणको लागि पाएको अनुदान रकमले चाडबाड मनाएको गुनासो पनि सुनिएको छ (त्रैमासिक प्रतिवेदन–माहुरी होम, पश्चिमाञ्चल) ।

**EWER सातौं -त्रैमासिक प्रतिवेदन सेफरवर्ल्ड र शान्तिका लागि साझा अभियान (कोक्याप)-नेपालमनिटर डट ओआरजीले नेपाल मधेस फाउन्डेशन (नेमाफ), मानवअधिकार सञ्जाल तथा शान्ति कार्य समूह (प्याग-नेपाल), माहुरी होम, मध्य पश्चिमाञ्चल विश्वविद्यालय र, सुदूरपश्चिमाञ्चलका हेमकर्ण विश्वकर्मासँगको सहकार्यमा लेखिएको हो । नेमाफका नन्दकुमार साह, मध्यपश्चिमाञ्चल विश्वविद्यालयका कमलराज लम्साल र प्याग-नेपालकी यसोदा सुब्बाको यस प्रतिवेदनमा लिखित सहयोग रहेको छ ।**